# सैनामैना नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# वुद्धनगर रुपन्देही, ५नं प्रदेश नेपाल
# सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धि सूचना
## सूचना नं. SQ-02/ 076/077
**प्रथम पटक प्रकाशित मिति २०७६।०६।१ गते**

यस कार्यालयबाट आ.व. २०७६।०७७ अन्तर्गत यस सैनामैना नगरपालिका वडा नं ९ पिपलडाडा स्थित अस्थाई ल्याण्डफिल साईटमा संकलित फोहरमैलालाई माटो उत्खनन तथा ढुवानी गरी दैनिक रुपमा पुर्ने कार्य गराउनु पर्ने भएकोले इजाजत प्राप्त निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको सिलबन्दी बोलपत्र आव्हान गरिएको छ ।

शर्तहरु :-

1. तपसिलमा उल्लेखित दस्तुर (फिर्ता नहुने) नगदै बुझाई नगदी रसीदसाथ नविकरण भएको इजाजत पत्र, मुल्य अभिबृद्धिकर दर्ता प्रमाण पत्र र अघिल्लो आ.ब. ०७४/०७५ को कर चुक्ता प्रमाण पत्र/ कर विवरण पेश गरेको कागजातको प्रमाणित प्रतिलिपी संलग्न गरी लिखित निवेदन दिई यो सूचना पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन कार्यालय समयसम्म खरिद शाखाबाट शिलबन्दी दरभाउपत्र फारम खरिद गर्न सकिनेछ ।

2. यस कार्यालयबाट खरिद गरेको शिलबन्दी दरभाउपत्र फाराम नियम अनुसार भरी सिलबन्दी गरी खामको बाहिर कामको विवरण, ठे.नं., दरभाउपत्र दाताको नाम र ठेगाना समेत खोली कार्यालयलाई सम्बोधन गरी १६ औं दिन, दिनको १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ । दर्ता भएका शिलबन्दी दरभाउपत्र सोही दिनको १:०० बजे दरभाउपत्रदाता स्वयं वा निजको प्रतिनिधी र कार्यालय प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएता पनि दरभाउपत्र खोल्ने कार्य गर्न बाधा पर्ने छैन ।

3. सिलबन्दी दरभाउपत्रसाथ हुन आउने तपसिलमा उल्लेखित जमानत वापतको रकम यस कार्यालयको नाममा रहेको कृषि विकास बैंक पर्सोहा शाखा मुर्गिया स्थित ग-३ धरौटी खाता ०४१४२०११४९२४४०१५ मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा ने.रा. बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको कम्तिमा ७५ दिन म्याद भएको *(कार्यको विवरण र ठेक्का नम्बर समेत उल्लेख भएको)* बिडबण्ड संलग्न हुनु पर्नेछ ।

4. दरभाउपत्र शर्त रहित, दररेट सच्याउनुपर्ने भएमा सच्याईएको ठाँउमा दस्तखत भएको हुनु पर्ने छ । समय भित्र प्राप्त नभएको, रित नपुगेको, सूचनाका शर्त विपरित भएको दरभाउपत्र माथि कुनै कारवाही हुने छैन ।

5. दरभाउपत्रको मान्य अवधि (Bid Validity period) ४५ दिनको हुनेछ ।

6. नेपाल सरकारलाई तिर्न बुझाउनुपर्ने सबै प्रकारका करहरु र स्थानीय स्तरमा तिर्नु पर्ने सबै प्रकारका करहरु दर रेटमा समावेश भएको मानिने छ ।

7. दरभाउपत्र खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खुलेको दिन खरिद र सोको भोलिपल्ट दर्ता गर्न सकिने छ ।

8. दरभाउपत्रको डकुमेन्ट, स्पेसीफिकेशन, परिमाण सूचना आदिमा (भाषागत समेत) त्रुटी भएमा वा विषय प्रशंगले अर्को अर्थ लागेमा कार्यालयले कुनै पनि बेला सच्याउन बाधा पर्ने छैन ।

9. प्राप्त सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा मात्र स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहीत रहनेछ ।

10. फोहोरमैला पुर्ने कार्य कार्तिक १ गते देखि माघ मसान्तसम्म दुई दिनमा एक पटक र फालुगण १ गते देखि असार मसान्त सम्म दैनिक १ घण्टाको दरले हुनेछ ।

11. यसमा उल्लेख नभएको ब्यहोराको हकमा सार्वजनिक खरीद ऐन २०६३ तथा नियमावलि २०६४ र प्रचलित ऐन, नियमानुसार हुनेछ ।

**तपसिल**

| सि.नं | ठेक्का नं. | कार्यको बिबरण र स्थान | ल.ई.रकम मु.अ.कर सहित रु. | बोलपत्र जमानत रु. | दस्तुर रु. |
|---|---|---|---|---|---|
| 1 | **SQ-02/ 076/077** | न.पा. ले तोकेको स्थान र शर्त बमोजिम फोहरमैला संकलन केन्द्रको ५०० मिटरको दुरीको आसपासबाट माटो उत्खनन , ढुवानी गरी फोहोरमैला पुर्ने कार्य सैनामैना वडा नं ९ पिपलडाँडा | १६८७९०५.०७ | ४०००० | १००० |

प्रमुख प्रशासकिय अधिकृत